गाउँसभाका अध्यक्ष ज्यू

गाउँसभाका सम्पुर्ण सदस्य ज्यूहरु

यस गरिमामय सभाको बैठकमा खत्याड गाउँपालिका गाउँसभाको उपाध्यक्षको हैसियतले चालु आर्थिक वर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु।

यस अवसरमा संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय समयमा भएका महत्वपुर्ण राजनैतिक अन्दोलनमा जिवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

आम खत्याड गाउँपालिकाका सम्पुर्ण जनताको विकास र समृद्धिको चाहानालाई सम्बोधन गर्ने तथा सिमान्तकृत तथा पछाडी परेका वर्ग क्षेत्र लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुर्याउने तर्फ बजेट तथा कार्यक्रम लक्षित गरेको छु। आगामी बजेट समृद्धि, विकास, सुशासन र सामाजिक न्याय कायम गर्ने तर्फ लक्षित हुनेमा आशा लिएको छु ।

बजेट तर्जुमा गर्दा नेपालको संविधान, आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, सरकारको प्राथमिकताहरु, साझा न्युनतम कार्यक्रम, संघीय सरकार, प्रदेश सरकार र स्थानिय सरकारको निति तथा कार्यक्रम र विनियोजन विधेयकका सिद्धान्त तथा प्राथमिकता उपर भएको छलफलको क्रममा गाउँसभाका सदस्यहरुबाट प्राप्त सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएको छु।

राजनितिक दल, जनप्रतिनिधि, सार्वजनिक प्रशासन, संघ संस्था, निजि क्षेत्र, नागरिक समाज, सञ्चार जगत र आम नागरिकको सहयोग र ऐक्यवद्धताबाट यस खत्याड गाउँपालिकामा देखिएका विद्यमान चुनौतिहरु सामना गर्दै बजेटले लिएका लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु।

**गाउँसभाका अध्यक्ष महोदय,**

सर्वप्रथम यस गरिमामय सभा समक्ष चालु आर्थिक वर्षको आय व्ययको यथार्थ विवरण प्रस्थुत गर्ने अनुमति चाहान्छु।

चालु आर्थिक वर्षमा राजस्व संकलन लक्ष्य भन्दा कम छ। राजस्व प्रणालीमा सुधार र करको दायरा विस्तार गरि राजस्व परिचालन बृद्धि गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ।

यस खत्याड गाउँपालिकाले चालु आ.ब. २०८२।८३ का लागि आफ्नो बार्षिक आय अनुमान रकम रु ६७,४२,८२,७९५।— (अक्षरुपी सटसट्ठी करोड बयालिस लाख बयासी हजार सात सय पन्चानब्बे मात्र) गरेको थियो जस मध्ये हालसम्मको निकासा रु ५८,४३,४७,७७१।— (अक्षरुपी अन्ठाउन्न करोड त्रिचालिस लाख सत्चालिस हजार सात सय एकहत्तर मात्र) जम्मा आय अनुमानको ८६ प्रतिशत हो । पालिकाको अहिले सम्म कुल खर्च रु ३५,८३,७९,२४१।— (अक्षरुपी पैतिस करोड त्रियासी लाख उनासी हजार दुइ सय एकचालिस मात्र) गरेको छ । यो विनियोजित बजेटको ५३ प्रतिशत खर्च हो भने प्राप्त बजेटको ६१.३२ प्रतिशत खर्च हो ।

प्रदेश सरकार बाट प्राप्त हुने वित्तिय हस्तान्तरण सत प्रतिशत प्राप्त भएको छ । प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान रु ३,३१,४४,०००।—(तिन करोड एकतिस लाख चवालिस हजार मात्र) मध्ये हाल रु ४३,५५,९८९।— (त्रिचालिस लाख पचपन्न हजार नौ सय उनानब्बे मात्र) १३.१४ प्रतिशत न्युन खर्च भएको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले यो वर्ष पनि लक्ष्य अनुरुपको प्रक्षेपित राजश्व संकलन हुन नसकेको भनि संघिय सरकारबाट स्थानीय तहहरुलाई हस्तान्तरण गरिने समानिकरण अनुदानमा कटौती गरेको हुदा यस पालिकाले संघिय सरकारबाट प्राप्त गर्ने समानिकरण अनुदान रु ९३,९६,४५०।(त्रियानब्बे लाख छयानब्बे हजार चार सय पाचस मात्र)— (८.५ प्रतिशत) कम निकासा हुने भएको छ । तेस्तै राजश्ब बाँडफाड २,८२,१७,३४६।—(दुई करोड बयासी लाख सत्र हजार तिन सय चयालिस मात्र) अर्थात २५ प्रतिशत कम प्राप्त भएको छ । यसरी हेर्दा राजश्व बाँडफाँड र समानिकरण अनुदान नै लक्ष्य अनुरुप प्राप्त नहुँदा यस गाउँपालिकाले विनियोजन गरेका आयोजनाहरुको लगभग जम्मा ३,७६,१३,७९६।- (अक्षरुपी तिन करोड छयहत्तर लाख तेह्र हजार सात सय छयानब्बे मात्र) रकम प्राप्त नभई आयोजनाहरु प्रभावित हुने देखिन्छ ।

यस गाउँपालिकाले प्रक्षेपण गरेको आन्तरिक राजश्व रु ९६,३०,०००।—(छ्यानब्बे लाख तिस हजार मात्र) मध्ये हाल सम्म ४७,१९,३६३।— (सत्चालिस लाख उन्नाईस हजार तिन सय त्रिसट्ठी मात्र) अर्थात ४९ प्रतिशत मात्र संकलन भएको छ । यसरी ५१ प्रतिशत आन्तरिक राजश्व संकलन कम हुदा कार्यालयको प्रशाननिक खर्च समेत दायित्व सर्न सक्ते देखीन्छ ।

## क्षेत्रगत बजेट खर्च

यस पालिकाले क्षेत्रगत रुपमा विनियोजन गरेको वजेट र खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ६,०९,४६,४६७ | १,१०,७०,३३६ | १८.१६ |
| सामाजिक विकास | २८,८२,१४,३९६ | २०,८३,७७,८२८ | ७२.३ |
| पुर्वाधार विकास | १९,९१,१८,२४१ | ६,२०,५७,७५५ | ३१.१७ |
| सुसाशन तथा अन्तरसम्बन्धित क्षेत्र | ४३,११,२०० | १,०५,०८०२ | २४.३७ |
| कार्यालय संचालन तथा प्रशासनीक क्षेत्र | १२,१७,६४,४९१ | ७,५८,२२,४९० | ६२.२७ |

**सभाध्यक्ष महोदय**

आगामी आ व २०८३/०८४ को प्रस्तावित आय र व्यय विवरणलाई समेटेर तयार पारीएको आर्थिक ऐन २०८३ लाई यस सभासमक्ष पेश गर्ने अनुमती माग गर्दछु।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | क्लिनिक तथा ल्याव | | | ५००० | | | ५००० | ५००० | |
| | शैक्षिक सेवा | | | | | | | | |
| | क्यामपस | | | ५००० | | | ५००० | ५००० | |
| | तालिम तथा अनुसन्धान केन्द्र | | | ५००० | | | ५००० | ५००० | |
| | कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | | | ५००० | | | ५००० | ५००० | |
| | निजि,विद्यालय प्राविधिक | | | ५००० | | | ५००० | ५००० | |
| | अन्य सेवा | | | | | | | | |
| | साइनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | ५०० | ७५० | १००० | ५०० | ७५० | १००० | २२५० | |
| | विरुवा बिक्रेता(नर्सरी) | ७५० | १००० | १२५० | ७५० | १००० | १२५० | ३००० | |
| | निर्माण सेवा | | | २००००घ | | | २००००घ | २०००० | |
| | उर्जा मुलक उद्योग | | | | | | | | |
| | हाइड्रो पावर | १००० | १५०० | २००० | १००० | १५०० | २००० | ४५०० | |
| | सोलार बिक्रि | २५०० | २७५० | २०००० | २५०० | २७५० | २०००० | ४५०० | |

**अनुसुची-५**

**दफा ६ सँग सम्बन्धित**

**जडिवुटी, कवाडि माल, जिबजन्तु करको दर रेट**

खोटो, जडिवुटी, बनकस, कवाडीमाल, जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जिबजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरेवापत जडिवुटी, कवाडि माल, जिबजन्तु कर लगाइनेछ ।

क) तामाजन्य सामानको लागि प्रति किलोग्राम रु ५०=(६qt*५०००=३००००)

ख) फलामजन्य सामानको लागि प्रति किलोग्राम रु ५=(१०qt*५००=५०००)

ग) सिलपट,स्टिलजन्य सामानको लागि प्रति किलोग्राम रु ५=(२०qt*५००=१००००)

घ) अन्यका हकमा रु प्रति किलोग्राम रु१=(३००qt*१००=३००००)

| | | | | | |
|---|---|---|---|---|---|
| | विज्ञापन प्रकाशन प्रति हप्ता | | | | |
| ८९ | खेस्मालिका एफ.एम.रेडियो विज्ञापन प्रकाशन मासिक | ५००० | ५ | २५००० | |
| ९० | खेस्मालिका एफ.एम.रेडियो विज्ञापन प्रकाशन अर्धबार्षिक | १५००० | २ | ३०००० | |
| ९१ | खेस्मालिका एफ.एम.रेडियो विज्ञापन प्रकाशन बार्षिक | २५००० | ० | ० | |
| ९२ | शिक्षक सहमति वा अनुमति शुल्क | १००० | १० | १०००० | |
| ९३ | टिपर शुल्क प्रति दिन | ७००० | ६४ | ४४८००० | |
| ९४ | जे.सि.वि. शुल्क प्रति दिन | १४००० | १०० | १४००००० | |
| ९५ | समुह दर्ता शुल्क | १००० | १० | १०००० | |
| ९६ | संस्था दर्ता शुल्क | ५००० | २ | १०००० | |
| ९७ | संस्था नवीकरण शुल्क | १५०० | १० | १५००० | |
| ९८ | सहकारी दर्ता शुल्क | ३००० | १ | ३००० | |
| १०१ | संस्था आवद्धता शुल्क | ४५०० | ५ | २२५०० | |
| १०२ | फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि शुल्क | १००० | ३ | ३००० | |
| १०३ | व्यावसाय दर्ता सिफारिस | १०० | ४० | ४००० | |
| १०४ | पेन्सन पट्टा सिफारिस | १०० | १० | १००० | |
| १०५ | फार्म सुचीकृत | २०० | ५० | १००० | |
| १०६ | मन्जुरी नामा लिखित | २०० | २० | ४००० | |
| १०७ | निवेदन शुल्क | १० | ५०० | ५००० | |
| १०८ | अन्य कर | १०० | २०० | २००० | |
| १०९ | दहत्तर बहत्तर कर(ढुंगा गिट्टि बालुवा) | ५०,००,००० | | ५०,००,००० | गाउँकार्यपालिकाले निर्माण गरेको कार्यविधि अनुसार |

